(क) “कार्यालय” भन्नाले आठबीस नगरकार्यपालिकाको कार्यालय, दैलेखलाई सम्झनुपर्छ ।

(ख) “प्राविधिक कर्मचारी” भन्नाले नगरकार्यपालिका मातहत रहने नेपाल इन्जिनियरिङ्ग सेवा, नेपाल कृषि सेवा र नेपाल स्वास्थ्य सेवा अन्तरगतका प्राविधिक पदहरुका कर्मचारीलाई सम्झनुपर्छ ।

(ग) “समिति” भन्नाले दफा ५ को उपदफा (१) बमोजिम गठित पदपूर्ति तथा सिफारिस समिति सम्झनुपर्छ ।

(घ) “सम्बन्धित कार्यालय” भन्नाले यस कार्यविधी बमोजिम सेवा करारमा खटिएको कर्मचारीले कामकाज गर्ने कार्यालय सम्झनुपर्छ ।

**३. सेवा करारमा लिइ कामकाजमा लगाउन सक्ने :**

यस कार्यविधी तथा प्रचलित कानूनको अधिनमा रही आठबीस नगरकार्यपालिकाको कार्यालय, दैलेख र मातहत निकायहरूको स्वीकृत दरवन्दीमा रिक्त रहेका प्राविधिक पदहरुमा स्थायी वा अस्थायी पदपुर्ति नहुञ्जेल सम्मका लागि सम्बन्धित कार्यालयले दफा ८ मा तोकिएका आधारहरूबाट संक्षिप्त सूची (सर्ट लिष्ट) तयार गरी सूचीमा छनौट भएकाहरू मध्येबाट अन्तर्वार्ताद्वारा आवश्यक प्राविधिक कर्मचारी छनौट गरी सेवा करारमा लिइ कामकाजमा लगाउन सक्नेछ ।

## परिच्छेद-२

## विज्ञापन तथा पदपुर्ति समिति

**४. रिक्त पदको विवरण एकिन गर्ने :**

नगर कार्यपालिकाले सेवा करारमा कर्मचारी छनौट कार्यका लागि रिक्त पदहरूको विवरण तयार गरी नगर कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ । नगर कार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिमका आवश्यक पदहरू सेवा करारमा लिन कार्यालयले ७ (सात) दिनको अवधिको सूचना दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा विज्ञापन प्रकाशन गर्नुपर्नेछ ।

**५. पदपूर्ति तथा सिफारिस समितिको गठन :**

(१) सेवा करारमा कर्मचारी छनौट गरी सिफारिस गर्न देहाय बमोजिमको समिति कार्यालयले गठन गर्नुपर्नेछ ।

